मिति २०८२/०८/१७ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा तथा वार्षिक योजना कार्यान्वयन समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं. २:

आय तथा व्ययको चौमासिक समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं. ३:

व्यवसायिक ऋणका लागि व्याज अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ४:

तमानखोला गाउँपालिकाको नगर प्रहरी (गठन तथा सञ्चालन) कार्यविधि, २०८२ सम्वन्धमा ।

प्रस्ताव नं. ५:

स्थायी शिक्षक पदस्थापन आधार तथा मार्गदर्शन, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ६:

दलित विकास समिति तथा जनजाती विकास समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ७:

नागरिक आरोग्य केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. ८:

सडक मर्मत सम्वन्धमा ।

प्रस्ताव नं. ९:

वोङ्गादोभान-तमान-लाम्मेला सडक Re survey सम्बन्धमा ।

प्रस्ताव नं. १०:

मानव सेवा आश्रम १ कोठा निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. ११:

तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. १२:

विविध सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८२/०८/१७ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो । साथै, गाउँपालिकाको आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने वार्षिक योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्न सबैले सकरात्मक सहयोग गर्ने गरी योजना तथा कार्यक्रमको समेत समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को आय तथा व्ययको प्रथम चौमासिक छलफल तथा समीक्षा अनुसूची १ बमोजिम गरियो । आन्तरिक आय वृद्धि तथा खर्च प्रभावकारिताका लागि सुझाव आदान प्रदान गरियो ।

निर्णय नं. ३:

यस बैठकमा प्रस्तुत भई छलफल भएको "व्यवसायि ऋणका लागि व्याज अनुदान कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२" स्वीकृत गर्ने ।

निर्णय नं. ४:

यस वैठकमा प्रस्तुत भई छलफल भएको "तमानखोला गाउँपालिकाको नगर प्रहरी (गठन तथा सञ्चालन) कार्यविधि, २०८२" स्वीकृत गर्ने ।

निर्णय नं. ५:

यस वैठकमा प्रस्तुत भई छलफल भएको "तमानखोला गाउँपालिकाको स्थायी शिक्षक पदस्थापन आधार तथा मार्गदर्शन, २०८२" स्वीकृत गर्ने ।

निर्णय नं. ६:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्र अन्तर्गतका दलित समुदाय तथा जनजाती समुदायको हक अधिकारसँग सम्वन्धित कार्यक्रमहरु क्रमशः तमानखोला गाउँपालिकाको दलित विकास समिति र जनजाती विकास समिति मार्फत कार्यान्वयन गर्ने ।

निर्णय नं. ७:

नेपाल सरकारको आ.व. २०८२/०८३ को शसर्त अनुदान अन्तर्गत यस गाउँपालिकामा नागरिक आरोग्य केन्द्र सञ्चालन तथा अभियान कार्यक्रम कार्यान्वयनका लागि तमानखोला गाउँपालिका वडा नं. १, बोङ्गादोभानमा नागरिक आरोग्य केन्द्र स्थापना गर्ने ।

Scanned with CamScanner

निर्णय नं. ८:

तमानखोला गाउँपालिकाका सडकहरुको दोस्रो चरणको मर्मत तथा सरसफाइका लागि कोटेशन मार्फत खरिद गर्दा श्री नयाँ युग निर्माण सेवा प्रा.लि., काठमाडौंलाई जिम्मा दिइएको हुँदा समयमै कार्य सम्पन्न गर्नका लागि कार्यालय तथा जनप्रतिनिधिले निर्माण कम्पनीसँग आवश्यक समन्वय गर्ने ।

निर्णय नं. ९:

पूर्वाधार विकास कार्यालय, बागलुङको च.नं. १८९ मिति २०८२/०८/०३ गतेको पत्रानुसार बोङ्गादोभान-तमान-लाम्मेला-शोले सडक निर्माणको लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदनमा Double Lane Road को डिजाइन भएको तर प्रदेश सरकार अन्तर्गतको योजना कार्यान्वयन गर्दा प्रदेशको मापदण्ड अनुसार Intermediate Road डिजाइन गर्नुपर्ने भएको कारण Re-survey गर्नु पर्ने तर उक्त कार्यालयमा सोका लागि आवश्यक बजेट व्यवस्था नभई यस कार्यालयलाई Re-survey गरी Quantity Verification का लागि अनुरोध गरेको हुँदा यस कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत सेवा र परामर्श खर्चमा विनियोजित बजेट रु. ५ लाखबाट खर्च गर्ने गरी उक्त कार्यका लागि परामर्श सेवा खरिद गर्ने ।

निर्णय नं. १०:

बागलुङ नगरपालिका वडा नं. ४, निरयघाटमा निर्माणाधिन मानव सेवा आश्रमको भवनको १ वटा कोठा निर्माणका गर्न तमानखोला गाउँपालिकाको तर्फबाट रु. ११,११,१११/- बजेट व्यवस्थाको लागि गाउँ सभाको आगामी अधिवेशनमा पेश गर्ने ।

निर्णय नं. ११:

तमानखोला गाउँपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने कार्यमा गाउँपालिका भित्रका स्थायी बासिन्दालाई थप प्राथमिकता दिई समावेशी बनाउन आवश्यक भएकोले "तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" लाई देहाय बमोजिम दोस्रो संशोधन गर्ने ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. कार्यविधिको दफा ४ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थप गर्ने।
"(ग१) स्थानीय बासिन्दा वापतको थप अंकः १० (दलितः ७, जनजातीः ४, अन्यः २, महिलाको हकमा थपः ३ अंक) । यस खण्ड बमोजिमको अंक प्राप्त गर्नको लागि उम्मेदवार गाउँपालिकाको स्थायी बासिन्दा र सम्बन्धित समुदाय भित्रको व्यक्ति भएको व्यहोरा नियमानुसार प्रमाणित हुनु पर्नेछ ।"

Scanned with CamScanner

निर्णय नं. १२ः

(क) यस गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत सवारी साधन (गाडी तथा मोटरसाइकल) खरिदका लागि रु. ४५ लाख बजेट विनियोजन भएको तथा कार्यालयमा सवारी साधन (गाडी तथा मोटरसाइकल)को अभावका कारण गाउँपालिकाबाट हुने दैनिक सेवा प्रवाह, अनुगमन र अन्य कार्यालयको कामकाजमा प्रतिकुल असर परेको हुँदा उक्त खरिद कार्य अगाडी बढाउने ।

Scanned with CamScanner